प्रदेश सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

फोन नं.: ०६१-५३५०९५
५३५०८४

पत्र संख्या : ०७८/०७९
चलानी नम्बर : १०१६

मिति: २०७८।१०।२४

विषयः अध्ययन पूर्व स्वीकृति सम्बन्धमा।

श्री स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश ।
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेश, पोखरा ।
श्री स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश, पोखरा ।
श्री संक्रामक तथा सरुवा रोग अस्पताल, गण्डकी प्रदेश ।
श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेश ।
श्री क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा ।
श्री अस्पताल (११ वटै), गण्डकी प्रदेश ।
श्री स्वास्थ्य कार्यालय (११ वटै), गण्डकी प्रदेश ।
श्री आयुर्वेद औषधालय/जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र (११ वटै), गण्डकी प्रदेश ।

प्रस्तुत विषयमा नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ बमोजिम अध्ययन सुविधा पाउने कानूनी प्रावधान बमोजिम विभिन्न निकायबाट विभिन्न तहको लागि प्रकाशन हुने चिकित्सा शिक्षा अन्तर्गतका शैक्षिक कार्यक्रमहरुमा आवेदन दिन पूर्व स्वीकृतिको लागि यस मन्त्रालय मातहतका कर्मचारीहरुको माग प्राप्त हुने गरेको छ । पूर्व स्वीकृतिको लागि प्राप्त हुने कतिपय आवेदनहरुमा कागजातहरु नपुग्ने, कागजातहरुको क्रम नमिल्ने, नेपाल स्वास्थ्य सेवा नियमावलीको नियम किटान भएको नहुने लगायतका कारणबाट कार्यसम्पादनमा केही कठिनाई हुने गरेको छ । यसर्थ, पूर्व स्वीकृति प्रदान गर्ने कार्यलाई थप व्यवस्थित र सहज ढङ्गले सम्पादन गर्नको लागि तपशिल बमोजिमका कार्यहरु गर्नु गराउनुहुन आदेशानुसार जानकारी गराईन्छ ।

**तपशिलः-**

१) यसै पत्रसाथ संलग्न निवेदनको ढाँचा अनुसार आवेदन गर्न लगाउनुहुन,
२) संलग्न चेकलिष्ट बमोजिम कागजातहरुको क्रम मिलाई पेश गर्न लगाउनुहुन,
३) आवेदक कार्यरत रहेको निकायबाट नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम आवेदकको न्यूनतम योग्यता पुगेको भनी अध्ययन पूर्व स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्नुहुन,
४) आवेदकले सुरुदेखि हालसम्म सेवा गरेका निकाय, मिति, सेवा अवधि, भौगोलिक क्षेत्रको वर्गीकरण सहित सेवा प्रमाणित गर्नुहुन ।

०७८।१०।२४
(शिव लम्साल)
शाखा अधिकृत
शाखा अधिकृत

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मितिः ..............................

श्रीमान् सचिवज्यू,

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा, नेपाल ।

विषयः अध्ययन पूर्व स्वीकृतिको लागि सिफारिस पाउँ भन्ने बारे।

महोदय,

म निवेदक ........................................ हाल .................................................. कार्यालयमा ................................... पदमा सेवा प्रवाह गर्दै आईरहेको छु । यसै बीच, .......................................................... बाट मिति .......................... मा चिकित्सा शिक्षा .......................... तह का शैक्षिक कार्यक्रमहरुमा भर्नाका लागि लिईने प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी सूचना प्रकाशन भएको छ । उक्त सूचना बमोजिम मलाई स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम .......... अनुसार ........................... विषय अध्ययनका लागि प्रवेश परीक्षाको आवेदन फाराम भर्ने प्रयोजनार्थ पूर्व स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सिफारिस प्रदान गरिदिनुहुनको लागि यसै साथ संलग्न चेकलिष्ट बमोजिम आवश्यक कागजातहरु राखी यो निवेदन पेश गर्दछु ।

निवेदकः-

.............................................

नाम थरः

पदः

तहः

हाल कार्यरत कार्यालयः

मो.नं.

ईमेलः

.................................................................... द्वारा मिति ......................... प्रकाशित सूचना बमोजिम ........................................... विषयको अध्ययन पूर्व स्वीकृतिको लागि मन्त्रालयमा पेश गरेका कागजातहरुको

# चेक लिष्ट

| क्र.सं. | पेश गरेका कागजातहरुको सूची | छ(✓) | छैन(×) | कैफियत |
|---|---|---|---|---|
| १) | अध्ययन पूर्व स्वीकृतिको लागि निवेदकले दिएको निवेदन *(सक्कलै प्रति)* | | | |
| २) | निवेदक कार्यरत रहेको कार्यालयबाट निवेदकको न्यूनतम योग्यता पुगेको भनी अध्ययन पूर्व स्वीकृतिको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ................ बमोजिम दिईएको सिफारिस पत्र *(सक्कलै प्रति)* | | | |
| ३) | निवेदक कार्यरत रहेको कार्यालयबाट सुरु देखि हालसम्मको सेवा अवधि, कार्यालय र भौगोलिक क्षेत्र सहित सेवा प्रमाणित गरिएको पत्र *(सक्कलै प्रति)* | | | |
| ४) | निवेदकको PIS Print | | | |
| ५) | निवेदकले सुरु देखि हालसम्मको सेवा अवधिमा प्राप्त गरेका स्थायी नियुक्ति पत्र, पदस्थापन पत्र, हाजिर भएको जानकारी पत्र, सरुवा/कामकाज/काज सम्बन्धी पत्र, समायोजनको पत्र *(प्रतिलिपी)*<br>(नोटः- उल्लिखित कागजातहरु मिति अनुसार सिलसिलेवार रुपमा तलदेखि माथि सम्मको क्रम मिलाई राख्नुपर्ने ।) जस्तैः<br>क) स्थायी नियुक्ति पत्र<br>ख) पदस्थापना पत्र<br>ग) हाजिर भएको जानकारी पत्र<br>घ) सरुवा/कामकाज/काज/समायोजन पत्र<br>ङ) रमाना पत्र | | | |
| ६) | सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र (नवीकरण सहित) | | | |
| ७) | नागरिकताको प्रतिलिपी | | | |
| ८) | निवेदकले सुरु देखि हालसम्म हासिल गरेका शैक्षिक उपाधिहरुको प्रमाणपत्र *(प्रतिलिपी)*<br>(नोटः- उल्लिखित कागजातहरु शैक्षिक तह अनुसार सिलसिलेवार रुपमा तलदेखि माथि सम्मको क्रम मिलाई राख्नुपर्ने । जस्तैः | | | |
| | क) एस.एल.सी. को ट्रान्सक्रिप्ट | | | |
| | ख) एस.एल.सी. को चारित्रिक प्रमाणपत्र | | | |
| | ग) प्रवीणतापत्र पत्र/१०+२ को ट्रान्सक्रिप्ट | | | |
| | घ) प्रवीणतापत्र पत्र/१०+२ को चारित्रिक प्रमाणपत्र | | | |
| | ङ) स्नातक तहको ट्रान्सक्रिप्ट | | | |
| | च) स्नातक तहको चारित्रिक प्रमाणपत्र | | | |
| | छ) स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट | | | |
| | ज) स्नातकोत्तर तहको चारित्रिक प्रमाणपत्र | | | |
| ९) | अन्यः- | | | |
| | | | | |

माथि उल्लिखित प्रमाणपत्रहरुका आधारमा अध्ययनको लागि मेरो शैक्षिक योगेयता एवं भौगोलिक क्षेत्र सम्बन्धी अनुभव पुगेको छ । उल्लिखित व्यहोरा सही साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम कारवाही भएमा मेरो मन्जुरी छ ।

**निवेदकः**

**दस्तखतः** ..............................

**नाम थरः**

प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल